नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
जलश्रोत तथा सिंचाइ विभाग
बागमती, मनुष्मारा, झाँझ सिंचाइ व्यवस्थापन कार्यालय
कर्मैया, सर्लाही

☎ ०४६-४१००४७

प.सं. २०७८/७९
च.नं. ६८

मिति: २०७८।८।१६

अत्यन्त जरुरी सूचना ।।।

सूचना प्रकाशित मिति २०७८।८।१६

यस बागमती, झाँझ सिंचाइ प्रणालीको मूल तथा शाखा नहरमा पानी संचालनको लागि बनाईएको नहर प्रणालीको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोबास गरेको, बालीनाली, बोटबिरुवा, तरकारी बारी, दलहन तथा परालको माच आदि लगाएको र नहरको डिलमा गाई, भैसी, बाखा जस्ता जनावर राखेकोले नहरको डिल भत्काई एवं सर्भिस रोड समेत अतिक्रमण भई पानी संचालन गर्न, नहर मर्मत सम्भार गर्न साथै नहरको जग्गा सरक्षण र व्यवस्थापनमा कठिनाई भएको र कृषकको खेतमा पानी संचालन गर्न कठिन भएकोले नहरको सिमाना भित्र रहेको त्यस्ता घर, टहरा, माच, गोठ, बालीनाली आदि हटाउन ३५ दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र त्यस्ता संरचनाहरु हटाउन र गाई वस्तु बाँध्न पूर्ण रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । साथै यस सूचनालाई अटेर गरी समय भित्रमा नहटाएमा कानुन बमोजिम हटाईने र ती संरचनाहरु कार्यालयले हटाउन परेमा सो कार्यमा लाग्ने खर्च र हर्जाना अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफदेही समेत सरोकारवाला आफै हुने व्यहोरा जानकारी गराईन्छ ।

(केशव कुमार दास)
नि. कार्यालय प्रमुख
नि. कार्यालय प्रमुख

अध्यक्ष
झाँझ सिंचाइ प्रणाली मिठुअवा ब्लक जल उपभोक्ता समिति
माधवनारायण न.पा. ५, रौतहट

अध्यक्ष
श्री झाँझ सिंचाइ प्रणाली महम्मदपुर ब्लक जल उपभोक्ता समिति
गरुडा न.पा.-५, रौतहट

बोधार्थ:
श्री जिल्ला प्रशासन कार्यालय, रौतहट, गौर ।
श्री सम्बन्धित नगरपालिका/गाउँपालिका: आ-आफ्नो क्षेत्रमा पर्ने नहर अतिक्रमण हटाउन आवश्यक पहल गरि दिनु हुन ।

Email: bmjimosarlahi@gmail.com